निर्णयहरु :

१. जिल्लाभित्र तथा जिल्ला बाहिर सम्म संचालन हुने यात्रुवाहक सार्वजनिक सवारी साधनहरुमा नेपाल सरकारले निर्धारण गरेको भन्दा बढी भाडा लिने गरेको भनि उजुरी/गुनासोहरु आएको सम्बन्धमा छलफल गरियो । निर्धारित भाडा दर भन्दा बढी भाडा नलिने, लिन नदिने प्रभावकारी व्यवस्था सम्बन्धित यातायात व्यवसायी कम्पनी र सवारी धनीले गर्ने, गराउने । सार्वजनिक सवारी साधन नियमानुसार सन्चालन भए नभएको अनुगमन/निरीक्षण गरी प्रचलित कानुनको पालना भएको नपाईएमा नियमानुसार कडा कारवाही गर्ने ।

२. सबै यातायात व्यवसायी कम्पनीहरुले मध्यम तथा लामो दुरीमा अनिवार्यरुपमा र छोटो दुरीमा समेत यात्रुहरुलाई टिकट उपलब्ध गराउनु पर्ने, टिकट काउन्टर र सवारी साधनमा देखिने गरी भाडादर उल्लेख गर्नुपर्ने ।

३. सबै यातायात व्यवसायी कम्पनीहरुले आफ्नो मातहतमा संचालित सवारी साधनका मजदुरहरुलाई आवधिक रुपमा अभिमुखीकरण कार्यक्रम संचालन गरी सार्वजनिक यातायात सेवालाई थप मर्यादित गराउने ।

४. निजी सवारी साधन व्यवसायीक यात्रु वाहक सवारीसाधनका रुपमा प्रयोग गर्न नपाईने हुंदा यात्रु, सवारीधनी समेतलाई सूचित गराई दिन स्थानीय पालिकाहरुलाई अनुरोध गर्ने र ट्राफिक प्रहरी कार्यालयवाट प्रभावकारी निरीक्षण गरी आवश्यक कार्यवाही गर्ने ।

५. जिल्ला भित्र स्थायी रुट कायम भएका बाहेक अस्थायी रुपमा यातायात सञ्चालन गर्न सकिने सडकहरुको लम्बाई र अवस्था समेतको प्राविधिक विवरण १५ दिन भित्र उपलब्ध गराई दिन सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने । सो विवरण संकलन गरी यातायात सेवा कार्यालयले अर्को बैठकमा पेश गर्ने ।

६. यस पाल्पा जिल्लाका स्थानीय कच्ची सडक र हाई ग्रेडका सडकमा समेत तिन पाग्रे सवारी साधनलाई यातायात व्यवस्था कार्यालय (सवारी) रुपन्देही, मणिग्रामले बाटो ईजाजत पत्र जारी गरेको पाइएको छ । तिनपाग्रे सवारी साधनको बनोट र सडकको अवस्था हेरी "जिल्ला भर" भनि दिईने गरेको बाटो ईजाजत पत्रको सम्बन्धमा पुर्नविचार गरी उपयुक्त सडकमा मात्र ईजाजत दिन सिफारिस गर्न निर्णय गरियो ।

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी